# झापा जिल्ला अदालत

## भद्रपुर, झापा

पत्र संख्या :- ०७८/७९
चलानी नं :-

प्रशासन शाखा

☎ ०२३-४५२०८९
०२३-४५२७३१

सूचना सूचना सूचना

विश्वव्यापी महामारी कोभिड-१९ को नयाँ भेरियन्टहरु डेल्टा/ओमिक्रोनको संक्रमण बढिरहेको अवस्थालाई मध्यनजर गर्दै संक्रमण फैलावट न्यूनिकरणको लागि यस झापा जिल्ला अदालतमा कार्यरत कर्मचारी, कानून व्यवसायीहरु तथा अदालतका सेवाग्राहीहरुलाई देहाय बमोजिम गर्नु गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

## देहाय

१. अदालत प्रवेश गर्दा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, बेला बेलामा साबुन पानीले हात धुने वा सेनिटाइजरको प्रयोग गर्ने गराउने।

२. सेवा लिने क्रममा भिडभाड हुन नदिई भौतिक दुरी कायम गरी लाइनमा बसी पालो अनुसार सेवा लिने।

३. खोप नलागाएका कर्मचारीहरु तथा सेवाग्राहीहरुले नेपाल सरकारले तोकेको खोप केन्द्रहरुमा गई खोप लगाउने। अनावस्यक रुपमा भिडभाड नगर्ने तथा हुन नदिने साथै कोभिड-१९ को संक्रमण रोकथामका लागि नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अनिवार्य पालना गर्ने गराउने।

४. कोरोनाको लक्षण देखिएका सेवाग्राही, कर्मचारी र कानून व्यवसायीहरुले अनिवार्य रुपमा पि.सि.आर परिक्षण गराई संक्रमण फैलिनबाट जोगिन सहयोग गर्ने।

श्रेस्तेदार

मितिः- २०७८।१०।०४

विरेन्द्र बस्नेत

श्रेस्तेदार
उप-सचिव

✉ info.dcjhapa@supremecourt.gov.np, mudda.dcjhapa@supremecourt.gov.np, http://supremecourt.gov.np/court/jhapadc